# मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।२०८३
च.नं. :

E-mail : info@manrashiswamun.gov.np
manarashiswamun.gov@gmail.com


**विषयः- चमेना गृह (क्यान्टिन) संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वानको सुचना ।**

**तेस्रो पटक (अन्तिम पटक) प्रकाशित मिति :-२०८३/०१/२३**

यस मनराशिसवा नगरपालिका कार्यालयको परिसरमा कार्यालयका कर्मचारी एवं काम विशेषले कार्यालयमा आउने व्यक्तिहरू स्वयंले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा, खाना उपलब्ध गराउने गरी चमेनागृह (क्यान्टिन) सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म/कम्पनीले खाजा खानाको परिकार र इकाई अनुसारको वस्तु तथा सेवाको विवरण सहित सिलबन्दी दरभावपत्र पेश गर्नहुन आह्वान गरिन्छ ।

**तपसिल**

१. सामान्यतया चमेनागृह (क्यान्टिन) विहान ८:०० बजे देखि बेलुका ६:०० बजेसम्म तथा कार्यालयको आवश्यकता अनुसार क्यान्टिन सञ्चालन गर्नुपर्नेछ । चमेनागृह (क्यान्टिन) सञ्चालन सम्झौताको अवधि एक वर्षको हुनेछ ।

२. चमेनागृह (क्यान्टिन) सञ्चालकले चमेनागृह भवन प्रयोग गरे बापत मासिक रुपमा ३,०००/- (तिन हजार रुपैयाँ न्यूत्तम कवुल रकम) भाडा तिर्नु पर्नेछ ।

३. पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ ।

४. चमेनागृहका (क्यान्टिन) लागि छुट्टै विद्युत् सव मिटर जडान हुने र उक्त मिटरमा उठेको महशुल भुक्तानी गर्ने दायित्व चमेनामूह सञ्चालकको हुनेछ ।

५. चमेनागृहका लागि आवश्यक पर्ने धाराको पानी कार्यालयले उपलब्ध गराउनेछ।

६. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा कार्यालयबाट तोकिए बमोजिम सेवा-प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत कार्यालयले सम्झौताका शर्त मुताबिक आवश्यक कारवाही गर्न सक्नेछ।

७. सिलवन्दी दरभाउपत्र साथ फर्म दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न राख्नुपर्नेछ ।

८. सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात रु. १,०००।- वा लक्ष्मी सनराईज बैंकमा रहेको खाता नं. ०८४०३०००००४७ कार्यालय कोड ८०१०२१८०८ राजस्व शिर्षक १४५२९ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरी कार्यालयको जिन्सी शाखाबाट प्रथम पटक प्रकाशित सुचनाको म्याद मिति २०८३।०१।१५ गते र दोस्रो पटक प्रकाशित सुचनाको म्याद २०८३/०१/२२ भएकोमा ३ दिन थप गरी तेस्रो पटक (अन्तिम पटक) प्रकाशित सुचनाको म्याद मिति २०८३/०१/२५ गते कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

९. सिलबन्दी दरभाउपत्र मिति २०८३।०१।२६ गते दिनको १२:०० बजे भित्र पेश गर्न सकिनेछ । उक्त म्याद पछि पेश भएका दरभाउपत्र मान्य हुने छैनन् । म्यादभित्र रितपूर्वक दर्ता भएका सिलवन्दी दरभाउपत्र बुझाउने अन्तिम दिनको दिनको १४:०० बजे खोलिनेछ । सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, बुझाउने अन्तिम दिन र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न बुझाउन र खोल्न सकिनेछ ।

१०. खरिद प्रक्रिया रद्द गर्नुपर्ने भएमा कार्यालयले कारण खुलाई जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

११. अन्य कुरा सम्झौता बमोजिम हुनेछ ।

१।२३

विजय नारायण ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत